नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**विद्युत विकास विभाग**
(.....अनुमतिपत्र महाशाखा.....)

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोस्ट बक्स नं.: २५००७
सानोगौचरण,काठमाडौं, नेपाल

पत्र संख्याः- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ५३२

मितिः २०८२/०६/३१

विषयः <u>मदक्यु खोला जलविद्युत आयोजना को ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।</u>

श्री सिकलेश हाइड्रोपावर लिमिटेड,
ललितपुर।
सम्पर्क फोन नं. ०१-५४२०२५४, ५९०७२५४

उपरोक्त सम्बन्धमा तँहाबाट मद्क्यु खोला जलविद्युत आयोजना को ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारबाही हुँदा तपशिल बमोजिमका नपुग कागजात/विवरणहरु ७ (सात) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/०६/३० गतेको निर्णयानुसार अनुरोध छ।

<u>तपशिलः</u>

१. प्रवर्द्धक कम्पनीको उद्योग दर्ता प्रमाणपत्र, अद्यावधिक शेयर लगत तथा सञ्चालक लगतको अभिलेखको प्रमाणित प्रतिलिपि।
२. प्रस्तावित ३३ के. भी. डबल सर्किट विद्युत प्रसारण लाइनको प्राविधिक विश्लेषण (Route Selection, Voltage Selection, Conductor Selection, Power Loss, Voltage Regulation etc.) डेस्क स्टडी प्रतिवेदन।
३. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाको प्रस्तावित मुख्य र वैकल्पिक लाइन समेत देखिने गरि रेखांकन गरिएको Route Alignment |
४. प्रवर्द्धक कम्पनीको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको विभागमा निवेदन गर्ने आशयको सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारीनामा प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।
५. प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्यको विवरण।
६. विद्युत प्रसारण लाइन सम्पन्न गर्न लाग्ने अनुमानित लागत, कुल अवधि (सर्वेक्षण र निर्माण समेत) तथा अध्ययन कार्यको खर्च सम्बन्धित Cost Breakdown र कार्यतालिका |
७. नेपाल विद्युत प्राधिकरण र सिकलेश हाइड्रोपावर लिमिटेड बीच भएको मद्क्यु खोला जलविद्युत उत्पादन हुने विद्युत खरिद विक्रि सम्झौतापत्र (PPA) तथा Grid Connection Agreement को प्रमाणित प्रतिलिपि।
८. मद्क्यु खोला जलविद्युत आयोजनाको वहाल रहेको विद्युत सर्वेक्षण/उत्पादन अनुमतिपत्रको प्रतिलिपि।
९. परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्रबन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि।

२०८२/०६/३
(सावित्री धमाला
इलेक्ट्रिकल इन्जिनियर